# जातीय विभेद विरुद्ध गण्डकी प्रदेश सम्मेलनबाट जारी
# पोखरा घोषणापत्र
# १३–१४ माघ, २०८१

नेपालमा मानवताको कलङ्कका रुपमा रहेको जातीय विभेद तथा छुवाछूतको कानुनतः अन्त्य भएको करिब ६ दशक भइसकेको तथ्य स्मरण गर्दै, पुनर्स्थापित अन्तरिम व्यवस्थापिका संसद (२०६३ जेष्ठ २१) ले नेपाललाई छुवाछूतमुक्त राष्ट्र घोषणा गरेको र नेपाल सरकारले छुवाछूत उन्मूलन राष्ट्रिय दिवस घोषणा विषयलाई स्मरण गर्दै, सवै किसिमका विभेदको अन्त्य गर्ने प्रस्तावना सहितको नेपालको संविधान (२०७२) को धारा २४ मा व्यवस्था भएको छुवाछूत तथा भेदभाव विरुद्धको हक र छुवाछूतलाई दण्डनीय फौजदारी अपराधका रूपमा परिभाषित गरी जातीय तथा अन्य छुवाछूत तथा भेदभाव (कसुर र सजाय) ऐन- २०६८ कार्यान्वयनमा रहेको अवस्था मनन् गर्दै र मानवअधिकारको विश्वव्यापी घोषणा-पत्र १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र रङ्गभेद विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि १९६५ ले व्यवस्था गरेको मानवजातिको आत्मसम्मान पुर्वक बाँच्न पाउने अधिकारको सम्मान गर्दै, गण्डकी प्रदेश सरकारको आर्थिक सहयोग र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा तथा गैर सरकरी सस्था महासंघ, दलित महिला संघ (फेडो), एड्भोकेसी फोरम नेपाल, बहिनी एडुकेट फाउण्डेशन, एड्वान, जागृती वाल तथा युवा सरोकार नेपालको सह-आयोजनामा २०८१, माघ १३ र १४ गते मानवअधिकार तथा दलित अधिकारको क्षेत्रमा क्रियाशील २ सय ५० जना भन्दा बढी व्यक्तिहरुको सहभागीतामा गण्डकी प्रदेशको राजधानी पोखरामा आयोजित जातीय विभेद विरुद्ध प्रदेश सम्मेलनबाट 'जातीय विभेद उम्मुलनका लागि पोखरा घोषणा-पत्र २०८१' जारी गरेका छौं ।

१. नेपालको संविधान (२०७२) को मौलिकहक अन्तर्गत छुवाछूत तथा भेदभाव विरुद्धको हक (धारा २४) का साथै समानताको हक (धारा १८), दलितको हक (धारा ४०), सामाजिक न्यायको हक ( धारा ४२) को अक्षरशः पालना गर्दै प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्मेलन गण्डकी प्रदेश सरकार तथा नेपाल सरकारसँग माग गर्दछ ।

२. 'जातीय विभेदप्रति शून्य सहनशीलताको सिद्धान्त' अँगाली राज्यले छुवाछूत तथा भेदभाव विरुद्धको हक (धारा २४) लगायत अन्य सान्दर्भिक कानूनको प्रभावकारी कार्यान्वयन गर्न यो सम्मेलन सम्वन्धित सवै पक्षको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

३. जातीय भेदभाव तथा छुवाछूतका मुद्दालाई विशेष प्रकृतिका मुद्दा मानी पीडितलाई छिटो न्याय दिलाउन आवश्यक पहलकदमी गर्न यो सम्मेलन नेपाल सरकार समक्ष अनुरोध गर्दछ ।

४. दलित समुदायको सशक्तिकरणका लागि क्षमता अभिवृद्धि तथा सीप मुलक तालिम तथा आर्थिक सशक्तिकरण गर्न दलितमैत्री नीति तथा कार्यक्रम र वजेट तय गर्न यो सम्मेलन तीनै तहका सरकार र सरोकारवालासँग माग गर्दछ ।

५. नेपाल सरकारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक नीति तथा कार्यक्रम लागु गर्न नेपाल सरकारसँग सम्मेलन जोडदार माग गर्दछ ।

६. जातीय विभेद विरुद्धका उजुरी सुन्ने प्रदेश संयन्त्रको विकास गर्न तथा उजुरी परेका घटनामा मेलमिलाप गर्ने प्रवृत्तिको अन्त्य गर्न सम्मेलन माग गर्दछ ।

७. नेपालको संविधानको मौलिक हकको धारा ४० को उपधारा ५ र ६ मा उल्लेखित दलितलाई एक पटकका लागि आवास र जमिन उपलब्ध गराउनु पर्ने प्रावधान तत्काल लागु गर्न सम्मेलन नेपाल सरकारसँग माग गर्दछ ।

८. दलित समुदायलाई आधारभूत तहदेखि उच्च तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्ने नीति तथा कार्यक्रम तर्जुमा गरी सोको कार्यान्वयन गर्न सम्मेलन माग गर्दछ ।

९. जिल्ला प्रहरी कार्यालयहरूमा स्थापना गर्नुपर्ने दलित डेस्कको सबै जिल्लामा अविलम्ब स्थापना गरी प्रभावकारी रुपमा परिचालन तथा कार्यान्वयन गर्न सम्मेलन नेपाल सरकारसँग माग गर्दछ ।

१०. संविधान तथा ऐन कानुनमा उल्लेखित राज्यका हरेक क्षेत्रमा प्रतिनिधित्व, सहभागिता, समावेशिता र आरक्षणको प्रभावकारी कार्यान्वयन गर्न सम्मेलन नेपाल सरकारसँग माग गर्दछ । साथै सघ, प्रदेश र स्थानीय सरकारले गर्ने सवै नियुक्तिहरुमा संविधानको धारा ४० को उपधारा ७ मा व्यवस्था भए वमोजिम दलित समुदाय भित्र पनि समावेशी हुने गरी दलित समुदायको समानुपातिक प्रतिनिधित्व गराउन समेत माग गर्दछ ।

११. सीमान्तकृत दलित समुदायको क्षमता अभिवृद्धि गरी राज्यका निकायमा पहुँच अभिवृद्धि गर्न आवश्यक काम गर्न यो सम्मेलन तीनै तहका सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

१२. जातीय विभेद तथा छुवाछुत विरुद्ध वृहद जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्न र स्थानीय तथा प्रदेश सरकारलाई जवाफदेहिता पालना गर्न यो सम्मेलन हार्दिक अनुरोध गर्दछ । साथै आफ्ना संरचनाहरुलाई दलितमैत्री वनाउन र संघदेखि स्थानीय स्तरसम्म छुवाछुत विरुद्ध सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न सवै राजनीतिक दलहरुलाई यो सम्मेलन हार्दिक अनुरोध गर्दछ ।

१३. विद्यालय तथा उच्च शिक्षाका पाठ्यक्रममा जातीय विभेद तथा छुवाछूत विरुद्ध र सामाजिक न्याय तथा मानव अधिकारका विषय समेट्न सम्मेलन माग गर्दछ ।

१४. संविधानको कार्यान्वयन गरी जातीय विभेद तथा छुवाछूतको अन्त्य गर्ने र दलित समुदायको उत्थान र विकास गर्न प्रदेश सरकारले प्रस्ताव गरेको 'दलित सशक्तिकरण विद्येयक, २०८१' लाई सम्वन्धित सवैको सुझावहरुसमेटेर **दलित अधिकारको व्यवस्था गर्न वनेको विधेयक** का रुपमा प्रदेश सभाको आगामी हिउँदे अधिवेशनवाट पारित गर्न यो सम्मेलन प्रदेश सरकार समक्ष जोडदार माग गर्दछ । साथै ऐन कार्यान्वयनका लागि पालिका तहसम्म आवश्यक संरचना निर्माण गरी प्रर्याप्त स्रोत साधन सहित कार्यान्वयन गर्ने वातावरण वनाउन समेत हार्दिक अनुरोध गर्दछ ।

१५. राष्ट्रिय दलित आयोगलाई स्रोत साधन सम्पन्न वनाउँदै यसका प्रदेश कार्यालय स्थापना गर्न यो सम्मेलन हार्दिक अनुरोध गर्दछ ।

१६. स्थानीय तहमा निर्वाचित दलित समुदायका जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गरी स्थानीय सरकारको कार्यक्रम तथा वजेटलाई दलितमैत्री वनाउन सक्ने वातावरण तयार गर्न यो सम्मेलन प्रदेश सरकार समक्ष माग गर्दछ ।

१७. अव हुने संघीय, प्रदेश र स्थानीय तहको निर्वाचनमा दलित समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न पूर्ण समानुपातिक निर्वाचन प्रर्णाली अवलम्वन गर्न वा अहिलेको मिश्रित निर्वाचन प्रणालीमा प्रत्यक्ष तर्फ पनि दलित समुदायको समानुपातिक उमेद्वारी दिने वातावरण वनाउन नेपाल सरकार सहित सवै राजनीतिक दलहरुलाई यो सम्मेलन हार्दिक अपिल गर्दछ ।

*२०८१ माघ १४ गते पोखरा*